# अजयमेरू गाँउपालिका

# शिक्षा पार्श्वचित्र


2078

अजयमेरू गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
भद्रपूर, डडेल्धुरा

# अजयमेरू गाउँपालिका

# डडेल्धुरा

# शिक्षा पार्श्वचित्र २०७८




**अजयमेरू गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**शिक्षा युवा तथा खेलकुद शाखा**

**भद्रपूर, डडेल्धुरा**

**website: ajayamerumun.gov.np**

**e-mail:**

विषय सूचि

संक्षिप्त ........................................................................................
**पहुँच** ........................................................................................
**गुणस्तर** ........................................................................................
**समता** ........................................................................................
पृष्ठभूमि ........................................................................................
**सामान्य जानकारी** ........................................................................................
**जनसंख्या** ........................................................................................
शिक्षा ........................................................................................
**दूरदृष्टि** ........................................................................................
**लक्ष्य** ........................................................................................
**उद्देश्य** ........................................................................................
**रणनीतिहरु** ........................................................................................
**साक्षरता अवस्था** ........................................................................................
**शिक्षा क्षेत्रमा कार्यरत विकास तथा कल्याणकारी संस्थाहरु** ........................................................................................
**सामुदायिक सिकाइ केन्द्र /पालिकामा संचालन भएका शाक्षरता कार्यक्रमहरु** ........................................................................................
**शिक्षण संस्थाहरु** ........................................................................................
**विद्यार्थी भर्ना** ........................................................................................
**शिक्षक** ........................................................................................
**सूचकाङ्क** ........................................................................................
**अनिवार्य विषयहरुमा विद्यार्थी उपलब्धी विवरण** ........................................................................................
**राष्ट्रिय परीक्षण** ........................................................................................
**गत शैक्षिक सत्रमा विद्यालय सरोकारवालाहरुसंगको बैठक** ........................................................................................
**शिक्षासंग सम्बन्धित विभिन्न समिति तथा पालिका सम्पर्क व्यक्तिहरुको विवरण** ........................................................................................
**विविध** ........................................................................................
**स्रोतहरु** ........................................................................................

# भूमिका

योजना तर्जुमाका लागि वर्तमानको अवस्था, विगतका प्रयासहरूको समिक्षा र भविष्यप्रतिको सकारात्मक आशा जरूरी हुन्छ। यसरी अजयमेरु गाँउपालिकाको शैक्षिक अवस्थाको वर्तमानको यथार्थ पहिल्याउनका लागि यस पालिकाका शैक्षिक तथ्याङ्कहरुको संकलन गरी शिक्षा पार्श्वचित्र मस्यौदा निर्माणको जिम्मा दिइ कार्यसम्मन्न गर्न सहयोग गरेकोमा अजयमेरु गाँउकार्यपालिका कार्यालयलाई विशेष धन्यवादका साथ आभार प्रकट गर्दछौं। शिक्षा पार्श्वचित्र निर्माणका क्रममा प्रत्यक्ष सहयोग गर्नुहुने गाँउपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, शिक्षा शाखा, सामाजिक विकास समिति संयोजक तथा सम्पूर्ण विद्यालयका प्र.अ. हरुलाई आवश्यक सहयोग, तथ्यांक तथा सुझावका लागि धन्यवाद।

यस शिक्षा पार्श्वचित्र निर्माणको मुख्य उद्देश्य यस पालिकाको दश वर्षे शिक्षा क्षेत्र योजना निर्माणका लागि पालिकाका शैक्षिक तथ्याङ्कहरुको सहज उपलब्धता रहेको छ। यस पार्श्वचित्रको आधारमा अजयमेरु गाँउपालिकाको आगामी दश वर्षे शिक्षा क्षेत्र योजना निर्माण हुनेमा कार्यदल पूर्ण आशावादी रहेको छ। साथै यस पार्श्वचित्रलाई अन्तिम रुप दिदासम्म सरोकारवालाहरुवाट प्राप्त सबै सकारात्मक सुझावहरुको प्रतिविम्बलाई यसमा समावेश गर्नमा पनि कार्यदल तयार छ। अन्तमा यस अजयमेरु गाँउपालिकाको शिक्षा पार्श्वचित्रले गाँउपालिकामा निर्माण हुन लागेको दश वर्षे गाँउशिक्षा क्षेत्र योजना तर्जुमामा उल्लेख्य सहयोगी सामग्रिको रुपमा कार्य गर्नेछ भन्ने विश्वासका साथै सिघ्र अजयमेरु गाँउपालिकाको दश वर्षे शिक्षा क्षेत्र योजना तर्जुमाको सुभकामना व्यक्त गर्दछौ।

धन्यवाद।

शिक्षा पार्श्वचित्र  निर्माण कार्यदल

## अजयमेरु गाँउपालिकाको शैक्षिक पहुँच

| | विद्यालय जाने उमेर समुह जनसंख्या | | | विद्यालय जाने उमेर समूह भर्ना विवरण (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|
| | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** |
| ३-४वर्ष | ४२७ | ४५५ | ८८२ | ६९.३ | ६८.७ | ६९ |
| ५-९वर्ष | १०२१ | ८९५ | १९१६ | ९७.८ | ९९.५ | ९८.६ |
| १०-१२वर्ष | ६३० | ५३८ | ११६८ | ९९.४ | ९६.४ | ९७.९ |
| १३-१४वर्ष | ३२६ | २९६ | ६२२ | ७८.८ | ७१.३ | ७५.१ |
| १५-१६वर्ष | ४०२ | ३५२ | ७५४ | २४ | २६.४ | २५.२ |

*स्रोतः रा.ज.२०६८ र**Flash I Report 2076 (2019-020)***

| **विद्यार्थी भर्ना** | **सामुदायिक (प्रतिशतमा)** | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **छात्रा** | **छात्र** | **लैंगिक समता सूचकांक** (GPI[1]) |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा | ५२२ | २७६ | २४६ | ०.८९१ |
| प्रारम्भिक कक्षा (१-३) | ९३८ | ४५५ | ४८३ | १.०६२ |
| आधारभूत १–८ | २८८१ | १४६२ | १४१९ | ०.९७१ |
| कक्षा १-५ | १६६५ | ८३० | ८३५ | १.००६ |
| कक्षा ६-८ | १२१६ | ६३२ | ५८४ | ०.९२४ |
| माध्यमिक | ९६८ | ५२३ | ४४५ | ०.८५१ |
| कक्षा ९-१० | ६७३ | ३६४ | ३०९ | ०.८४९ |
| कक्षा ११-१२ | २९५ | १५९ | १३६ | ०.८५५ |
| प्राविधिक माध्यमिक (कक्षा ९-१०) | ११२ | ६४ | ४८ | ०.७५ |
| श्रोत अजयमेरु गाउपालिकाको अभिलेख /IEMIS | | | | |

श्रोत IEMIS, CEHRD 2078

| **शैक्षिक योग्यता अनुसारको जनसङ्ख्या** | | | |
|---|---|---|---|
| | **जम्मा** | **महिला** | **पुरुप** |
| सामान्य साक्षर (Beginner) | ४१८ | २१८ | २०० |
| प्राथमिक तह (कक्षा ५) उत्तीर्ण | ४५०८ | २२०१ | २३०७ |
| आधारभूत तह (कक्षा ८) उत्तीर्ण | २५३९ | १०५६ | १४७३ |
| माध्यमिक शिक्षा (कक्षा १०) उत्तीर्ण | ११७० | ४२१ | ७४९ |
| माध्यमिक शिक्षा (कक्षा १२) उत्तीर्ण | ३८४ | ११९ | २६५ |
| स्नातक तह उत्तीर्ण | १४८ | २६ | १२२ |
| स्नातकोत्तर तह वा सोभन्दा माथी | ३७ | १ | ३६ |
| स्रोतः रा.ज.२०६८ | | | |

[1] Gender Parity Index

**अजयमेरु गाँउपालिकाको शैक्षिक गुणस्तर**

आधारभूत शिक्षा उत्तीर्ण (कक्षा ८) परीक्षा २०७७ को नतिजा सारांश

| विषय | विभिन्न ग्रेड प्राप्त गर्ने विद्यार्थी सङ्ख्या | | | | | | | | | जम्मा परीक्षार्थी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | A+ | A | B+ | B | C+ | C | D+ | D | E | |
| English | ८ | २९ | १०८ | १४५ | ३५ | | | | | ३२५ |
| Nepali | ७ | ३७ | ११५ | १४५ | २१ | | | | | ३२५ |
| Mathematics | ६ | १८ | ३७ | ५६ | १४१ | ६७ | | | | ३२५ |
| Science and Environment Edu. | १६ | ३९ | ९४ | १५३ | २३ | | | | | ३२५ |
| Social Studies and Population Edu. | ८ | ४३ | ९९ | १४२ | ३३ | | | | | ३२५ |
| Health and Physical Education | २९ | ८० | १४५ | ६२ | ८ | १ | | | | ३२५ |
| Moral Education | २३ | ११५ | १६३ | २४ | | | | | | ३२५ |
| Occupation Business & Tech.Edu. | १९ | १०८ | १६० | ३४ | ४ | | | | | ३२५ |
| Computer Education | ४५ | ८७ | १४९ | ३२ | ११ | १ | | | | ३२५ |

**स्रोत: अजयमेरू गाँउपालिकाको अभिलेख**

कक्षाकोठामा आधारित पठन सिप परीक्षण नतिजा २०७६ **(CB-EGRA[2])**

| उप कार्य | सिकाइ उपलब्धी |
|---|---|
| जम्मा विद्यार्थी ३१२ जना | |
| १ अक्षर र मात्रा पहिचान | ८२.२ |
| २ शब्द र वाक्य पहिचान | ७३.९ |
| ३ शब्दार्थ | ७६.३ |
| ४ श्रुति लेखन | ६५.२ |
| ५ श्रुति बोध | ८०.४ |
| ६ पठन बोध | ७७.४ |
| ७ पात्रो पठन | ७५.८ |
| जम्मा | ७५.९ |

[2] Classroom Based Early Grade Reading Assessment

## शिक्षण सिकाइ वातावरणको अवस्था

| क्र.स. | विद्यालयको नाम | भवन संख्या | प्रयोगमा रहेका | | प्रयोगमा नरहेका | | सौचालय | | विज्ञान प्रयोगशाला | पुस्तकालय | ICT ल्याब | छापामय कक्षा | खेलमैदान | घेरबार | खानेपानी | इ हाजिरी | विद्यालय स्थापना मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | भवन | कक्षा कोठा | निर्माण मिति | कोठा | छात्रा | छात्र | | | | | | | | | |
| १ | नवदूर्गा आ.वि. | ५ | ३ | ८ | -- | ४ | √ | √ | -- | -- | -- | ४ | √ | -- | √ | -- | २०२३ |
| २ | बेताल प्रा.वि. | २ | २ | ६ | -- | -- | √ | √ | -- | -- | -- | १ | √ | -- | √ | -- | २०४२ |
| ३ | सहश्रलिङ्ग मा.वि. | ६ | ६ | १६ | पुराना | ५ | √ | √ | √ | √ | -- | ५ | √ | -- | √ | √ | २००९ |
| ४ | समैजी प्रा.वि. | ४ | ४ | ९ | -- | -- | √ | √ | -- | -- | -- | ३ | -- | -- | √ | -- | २०४८ |
| ५ | अजयमेरु आ.वि. | ६ | ६ | १० | पुराना | ४ | √ | √ | -- | -- | -- | ४ | -- | -- | √ | -- | २०१७ |
| ६ | भद्रपुर मा.वि. | ५ | ५ | १२ | -- | -- | √ | √ | -- | √ | √ | -- | √ | √ | √ | -- | २०१३ |
| ७ | सिद्धनाथ प्रा.वि. | ४ | ३ | ६ | पुराना | २ | √ | √ | -- | -- | -- | १ | √ | -- | √ | -- | २०४३ |
| ८ | दुर्गास्थान आ.वि. | | | | | | | | | | | | | | | | |
| ९ | जयन्ती प्रा.वि. | ६ | ६ | ६ | -- | -- | √ | √ | -- | -- | -- | २ | √ | -- | -- | -- | २०१७ |
| १० | चन्द्रज्योती आ.वि. | ६ | ४ | ११ | पुराना | ३ | √ | √ | -- | -- | -- | -- | √ | -- | √ | -- | २०३० |
| ११ | मणिलेक मा.वि. | ६ | ६ | १३ | -- | -- | √ | √ | √ | √ | √ | ३ | √ | -- | √ | -- | २००८ |
| १२ | भरतपुर मा.वि. | ५ | ५ | ११ | | ४ | √ | √ | √ | √ | √ | -- | √ | √ | √ | √ | २०२१ |
| १३ | भागेश्वर प्रा.वि. | ४ | ४ | ७ | पुराना | २ | √ | √ | -- | -- | -- | -- | √ | -- | √ | -- | २०४८ |
| १४ | भुवनेश्वरी आ.वि. | ४ | ४ | ११ | -- | -- | √ | √ | -- | -- | -- | ३ | √ | √ | √ | -- | २०३५ |
| १५ | कैलपाल प्रा.वि. | ४ | ३ | ६ | २०५० | ३ | √ | √ | -- | -- | -- | १ | √ | -- | -- | -- | २०४५ |
| १६ | बेताल प्रा.वि. मुद्राड | ३ | २ | ६ | २०५८ | २ | √ | √ | -- | -- | -- | -- | √ | -- | √ | -- | २०४८ |
| १७ | शिवशंकर प्रा.वि. | ४ | ४ | ६ | -- | -- | √ | √ | -- | -- | √ | -- | √ | -- | √ | -- | २०४५ |
| १८ | बालकल्याण मा.वि. | ११ | | १५ | -- | -- | √ | √ | √ | √ | √ | ४ | √ | √ | √ | -- | २०१६ |
| १९ | सरस्वती आ.वि. | ५ | ५ | १० | -- | -- | √ | √ | -- | -- | -- | २ | √ | √ | √ | -- | २०३९ |
| २० | घनघस्या मा.वि. | ५ | ५ | ११ | -- | -- | √ | √ | √ | √ | -- | ४ | √ | -- | -- | -- | २०१४ |
| २१ | चेतना मा.वि. | ४ | ३ | ११ | २०६८ | ४ | √ | √ | -- | √ | √ | २ | √ | -- | -- | √ | २०४२ |
| २२ | केदारशिशुसूधारक मा.वि. | ७ | | १४ | -- | -- | √ | √ | -- | √ | -- | ३ | -- | √ | √ | -- | २०१८ |
| २३ | डागेश्वर आ.वि. | ४ | ४ | १० | -- | -- | √ | √ | -- | -- | -- | -- | √ | √ | √ | -- | २०४५ |
| २४ | कल्याणी प्रा.वि. | ३ | ३ | ६ | -- | ३ | √ | √ | -- | -- | -- | २ | √ | -- | √ | -- | २०१७ |
| २५ | गोजलिंग प्रा.वि. | ३ | ३ | ८ | -- | २ | √ | -- | -- | -- | -- | ४ | -- | √ | -- | -- | २०४८ |
| २६ | देवल मा.वि. | ८ | ७ | २१ | -- | २ | √ | √ | -- | √ | √ | -- | √ | √ | √ | -- | २०१३ |
| २७ | गंगेश्वर नि.मा.वि. | ५ | ३ | ७ | २०४९ | ५ | √ | √ | -- | -- | -- | -- | -- | -- | √ | √ | २०४७ |
| २८ | पृथ्वी प्रा. वि. | ३ | ३ | ६ | -- | -- | √ | √ | -- | -- | -- | -- | √ | -- | -- | -- | २०६३ |
| २९ | भुमिराज प्रा.वि. | ३ | | ७ | -- | -- | √ | √ | -- | -- | -- | २ | √ | -- | √ | -- | २०६५ |
| ३० | जगदम्बा प्रा वि | २ | २ | ४ | -- | -- | -- | -- | -- | -- | -- | ३ | -- | -- | -- | -- | २०७२ |

## विद्यालय शिक्षामा समताको अवस्था

| अपाड्गता | शारिरीक | बौद्धिकता | बहिरा | दृष्टिविहिन | कमजोर दृष्टि | बहिरा र दृष्टिविहिन | दृष्टि र बोलाइ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| अपाड्ग विद्यार्थीका लागि स्रोत कक्षाहरु | - | - | - | - | - | - | - | - |
| स्रोत कक्षाहरुमा स्रोत शिक्षकहरुको उपलब्धता | - | - | - | - | - | - | - | - |
| स्रोत कक्षाहरुमा स्रोत सामग्रीहरुको उपलब्धता | - | - | - | - | - | - | - | - |

पृष्ठभूमि

## अजयमेरू गाँउपालिकाकाको सामान्य परिचय

### १ नामाकरण

कुत्युरवंशी रैका राजा नाग मल्ल ले डडेल्धुरालाई ४ गड, पश्या, लुलान, रुपाल, बोकटा, पिल्कोट र भूत्यू गरी आठ वर्गमा विभाजन गरी अजयमेरुकोट वाट शासन गरेका थिए । नेपालको संविधान २०७२ जारी भएपछि नेपाल राज्यलाई ७५३ ओटा स्थानीय तहमा विभाजन गरेपश्चात डडेल्धुरा जिल्लाका तत्कालिन समैजी, भद्रपूर, अजयमेरु, चिपुर र देवल दिव्यपूर गा.वि.स. हरुलाई मिलाई अजयमेरु गाँउपालिकाको निर्माण अजयमेरु नामाकरण गरी गरेको हो ।

### २ क्षेत्रफल र भौगोलिक अवस्थिति

नेपालको नक्सामा सात न. प्रदेशको डडेल्धुरा जिल्लामा पर्ने अजयमेरु गाँउपालिका ८०.५०° देखि ८०.५४° पूर्वि देशान्तर र २९.३१° देखि२९.३९° उत्तरी अक्षांश सम्म अबस्थित छ । यसको क्षेत्रफल १४८.९ वर्ग कि.मि. रहेको छ । जुन नेपालको कुल क्षेत्रफलको ०.१ प्रतिशत र डडेल्धुरा जिल्लाको कुल क्षेत्रफलको ९.६८ प्रतिशत हो । यस गाँउपालिकाको पूर्वमा अमरगढी नगरपालिका, पश्चिम र उत्तरमा बैतडी जिल्ला र दक्षिणमा भागेश्वर गाँउपालिका पर्दछ । यस गाँउपालिकाको पश्चिम, पूर्व र दक्षिणी सीमानाको काम नदीनालाले गरेको छ ।

### ३ हावापानीः

यस गाँउपालिकाको हावापानी समशितोष्ण र सितोष्ण रहेको छ । लेकाली भेगको औषत तापक्रम हिउदमा ०° सम्म र गर्मि याममा १५° देखि २०° सम्म पुग्ने गर्दछ । भने समसितोष्ण हावापानी पाइने मध्य पहाडी भेगमा हिउदमा र गर्मि याममा २०° देखि ३०° सम्म पुग्ने गर्दछ । यस क्षेत्रको अधिकांश भूभाग सल्ला, धूपीसल्ला, वाँज तिखाँज, लालिगुरास तथा अन्य बुट्यान र जडिबुटी युक्त वनजंगलले ढाकेको छ ।

### ४ सबैभन्दा अग्लो र होचो स्थानमा रहेको ठाँउ :

यस गाँउपालिकाको सबै भन्दा अग्लो स्थानमा रहेको ठाँउ वडा न. ४ मा पर्छ भने सबैभन्दा होचो ठाँउ वडा न. ६ मा पर्छ ।

### ५ ऐतिहासिक तथा धार्मिक स्थल :

अजयमेरु कोट, डागेश्वरी मन्दिर, विरवेताल, जगन्नाथ मन्दिर, समैजी, झाल आदि यहाँका प्रमुख धार्मिक स्थल हुन् । यस क्षेत्रका सबै बासिन्दाहरुले गौरा पर्वलाई साताव्यापी महोत्सवका रुपमा मनाउने चलन रहेको पाइन्छ ।

### ६ प्रशासनिक संरचना

नेपालको संविधान अनुसार स्थानीय तह (स्थानीय सरकार) का रुपमा कायम भएको अजयमेरु गाँउपालिकामा ६ वटा वडाहरु रहेका छन् । गाँउपालिकाको प्रशासनिक केन्द्रका रुपमा गाँउ कार्यपालिका रहेको छ भने ६ वटै वडामा रहेका वडा कार्यालयवाट पनि गाँउपालिकाले सेवा प्रवाह गर्दै आएको छ । पालिका अन्तर्गत विभिन्न विषयगत कार्यक्रमहरु कार्यान्वयन गर्न विषयसम्बद्ध शाखाहरुको व्यवस्था गरिएको छ ।


**७ जनसङ्ख्या:**

वि.सं. २०६८ सालको जनगणना अनुसार अजयमेरु गाउँपालिकाको जनसङ्ख्या यसप्रकार रहेको छः

| वार्ड नं. | **महिला** | **पुरूष** | जनसंख्या | क्षेत्रफल ब.कि. |
|---|---|---|---|---|
| १ | १४२२ | १४७१ | २८९३ | २९.८९ |
| २ | २२०० | २३६२ | ४५६२ | ३५.२५ |
| ३ | १३६५ | १४०२ | २७६७ | १६.०६ |
| ४ | १५३६ | १५९९ | ३१३५ | २२.२५ |
| ५ | १७२३ | १७६९ | ३४९२ | २६.१६ |
| ६ | १४१७ | १५५६ | २९७३ | २० |
| **जम्मा** | ९६६३ | १०१५९ | १९८२२ | १४९.६२ |

**स्रोत: अजयमेरू गापाको वस्तुगत विवरण, २०७५**

**वडागत आधारमा जनसंख्याको तुलना**



## शिक्षा

### अजयमेरू गाँउपालिकाको शैक्षिक दूरदृष्टि

विद्यालय तहको शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पुँजीको विकासबाट गाँउपालिकाको आर्थिक सामाजिक रूपान्तरण।

### अजयमेरू गाँउपालिकाको शैक्षिक लक्ष्य

शैक्षिक विकास तथा गुणस्तरीय र परिणाममुखी शैक्षिक उपलब्धि सहितको नमुना गाउपालिकाको रुपमा अजयमेरु गाँउपालिकालाई स्थापित गर्ने लक्ष्यका साथ निर्माण गर्न लागिएको अजयमेरु गाँउपालिकाको दश वर्षे गाँउ शिक्षा क्षेत्र योजना निर्माणका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउनु यस पार्श्वचित्रको मुख्य लक्ष्य रहेको छ ।

### अजयमेरू गाँउपालिकाका शैक्षिक रणनीतिहरुः


- प्रचलित ऐन तथा कानुन बमोजिम प्रारम्भिक बालविकासको रणनैतिक योजना तयार गरी लागु गरिने छ।
- एक वडामा एक नमुना विद्यालय तथा बालविकास केन्द्रको अवधारणा कार्यान्वयन गरिने छ।
- संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच तथा सहभागिताको सुनिश्चितता गरिने छ।
- आधारभूत तहको शिक्षालाई निःशुल्क तथा अनिवार्य तथा माध्यमिक शिक्षालाई निःशुल्क गरी सबै बालबालिकाको शिक्षामा पहुँच अभिबृद्धि गरिने छ।
- संघ तथा प्रदेश सरकारको समन्वय तथा सहजीकरणमा स्थानीय सरकारले विद्यालयको भौतिक पूर्वाधार विकास, शैक्षिक, आर्थिक विकासको व्यवस्थापन गर्दै सबै बालबालिकाको शिक्षाको पहुँचको सुनिश्चितता गरिने छ।
- स्थानीय परिवेश, आवश्यकता, सामाजिक, संस्कृति अनुरुप कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिने छ।
- विद्यालयमा नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका सरोकारवालाको क्षमता अभिबृद्धि गरिने छ।
- बालबालिकाको स्वास्थ्य, सरसफाइका लागि स्थानीय गैरसरकारी तथा शिक्षा सरोकारवालासँग समन्वय र सहकार्य गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम लागु गरिने छ । साथै संघीय तथा प्रदेश सरकारको सहयोग तथा सहकार्यमा विद्यालयमा दिवाखाजाको व्यवस्था मिलाइने छ।
- प्रत्येक वडाको अग्रणी विद्यालयलाई शैक्षिक सम्पर्क विद्यालयको रुपमा कायम गरिने छ। साथै सक्रिय शिक्षकलाई सम्पर्क ब्यक्ति वडागत रुपमा तोकिने छ।
- शिक्षकको शैक्षिक क्षमता अभिबृद्धि गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तालिम, कार्यशाला, अभिमुखीकरण कार्यक्रम, बैठक, अन्तरक्रिया कार्यक्रम वडागत तथा पालिका स्तरमा सञ्चालन गरिने छन्।
- विशष शिक्षा आवश्यकता भएका बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गरिने छ।
- विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी छात्रवृत्ति, शैक्षिक सामग्री उपलब्ध गराई उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइने छ।
- कार्य सम्पादनका आधारमा प्रत्येक बर्ष उत्कृष्ट शिक्षक छनौट गरी पुरुस्कृत गरिने छ।

- रणनीतिक योजना कार्यान्वयनको अवस्था मापन गरी आवधिक प्रतिवेदन तयार गर्न पालिका स्तरमा अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन समिति गठन गरिने छ।
- शिक्षाको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिका स्तरमा विज्ञ समूह, साथी समूहको रोष्टर समूह गठन गरी परिचालन गरिने छ।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिबृद्धि गरी सामाजिक परिचालनका कार्यक्रममा सहभागी गराइने छ
- बालबालिकाको पठन सीप अभिबृद्धि गर्न वडास्तरमा र पालिकास्तरमा शैक्षिक गतिविधिका कार्यक्रम सञ्चालन गरिने छ। विद्यार्थीहरु तथा अभिभावकहरुको संलग्नतामा गरिने छ।
- विद्यार्थीहरुलाई राष्ट्र समाज प्रति उत्तरदायित्व बोध गर्नका लागि अनिवार्य रुपमा माध्यमिक तहका विद्यार्थीहरुलाई स्काउट, रेडक्रस जस्ता मानवीय कार्य र गतिविधिमा संलग्न गराइने छ।
- शिक्षक नियुक्ति व्यवस्थापन र सेवा सर्त सम्बन्धीको निश्चित मापदण्ड तयार पारी लागु गरिने छ।
- विद्यार्थीहरुलाई खेल योगाभ्यास र सह क्रियाकलाप सञ्चालनका लागि वडा स्तरमा आधुनिक प्रविधिसहितका रङ्गशाला निर्माणमा जोड दिइने छ।
- स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण र प्रयोगमा जोड दिइने छ। मूल्याङ्कनको आधार बनाएने छ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरिने छ।
- शिक्षाको गुणस्तर सुधारका लागि सहकार्य, सह-अस्तित्वको अवधारणा अनरुप नीति निर्माण, स्रोतबाँडफाँड तथा लगानीका लागि संघ, प्रदेश सरकारसँग सहकार्य गरिने छ।
- स्थानीय तहमा स्रोतकेन्द्र र निरीक्षण क्षेत्रको अवधारणा लाई सक्रियताका साथ कार्यविधि निमाण गरी सञ्चालन गरिने छ।
- सम्पूर्ण शिक्षा प्रणालिलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने अभ्यास गरिने छ।

**वडागत साक्षरताको अवस्था**

| वडा न. | साक्षरता प्रतिशत |
|---|---|
| १ | ९५.९७ |
| २ | ९५.६४ |
| ३ | ९८.५ |
| ४ | ९७.५ |
| ५ | ९६.६ |
| ६ | ९६.६ |
| जम्मा | ९६.८ |

**श्रोत:साक्षरता घोषणा कार्यक्रम, जि.शि.का. डडेल्धुरा २०७४**



## तहगत शैक्षिक विवरण

| VDC/Municipality and sex | | Total | Population that have completed the educational level of | | | | | | | Non-formal education | Level not stated | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Beginner | Primary (1-5) | Lower secondary (6 -8) | Secondary (9 - 10) | S.L.C. & equiv. | Inter-mediate & equiv. | Graduate & equiv. | Post Graduate equiv. & above | Others | | |
| **Ajayameru** | | | | | | | | | | | | | |
| | Both Sex | 2316 | 111 | 999 | 576 | 300 | 105 | 95 | 40 | 18 | 4 | 68 | 9 |
| | Male | 1327 | 56 | 503 | 342 | 199 | 75 | 62 | 29 | 17 | 3 | 39 | 2 |
| | Female | 989 | 56 | 496 | 225 | 101 | 30 | 33 | 11 | 1 | 1 | 29 | 7 |
| **Bhadrapur** | | | | | | | | | | | | | |
| | Both Sex | 1417 | 33 | 568 | 383 | 216 | 64 | 74 | 26 | 7 | 3 | 40 | 3 |
| | Male | 764 | 20 | 285 | 204 | 125 | 39 | 48 | 23 | 7 | 2 | 8 | 3 |
| | Female | 653 | 13 | 283 | 179 | 91 | 35 | 26 | 3 | 0 | 1 | 32 | 0 |
| **Chipur** | | | | | | | | | | | | | |
| | Both Sex | 1733 | 55 | 775 | 401 | 180 | 116 | 52 | 19 | 4 | 1 | 128 | 2 |
| | Male | 951 | 27 | 407 | 231 | 113 | 70 | 41 | 16 | 4 | 1 | 40 | 1 |
| | Female | 782 | 28 | 368 | 170 | 67 | 46 | 11 | 3 | 0 | 0 | 88 | 1 |
| Dewal | | | | | | | | | | | | | |
| | Both Sex | 3259 | 179 | 1567 | 778 | 295 | 139 | 87 | 32 | 6 | 0 | 173 | 3 |
| | Male | 1824 | 79 | 801 | 473 | 189 | 86 | 66 | 28 | 6 | 0 | 103 | 3 |
| | Female | 1425 | 100 | 766 | 305 | 106 | 53 | 21 | 4 | 0 | 0 | 70 | 0 |
| Samajee | | | | | | | | | | | | | |
| | Both Sex | 1489 | 40 | 599 | 401 | 179 | 154 | 76 | 31 | 2 | 1 | 3 | 3 |
| | Male | 852 | 18 | 311 | 224 | 123 | 97 | 48 | 26 | 2 | 0 | 2 | 1 |
| | Female | 637 | 22 | 288 | 177 | 56 | 57 | 28 | 5 | 0 | 1 | 1 | 2 |

**श्रोत: राष्टिय जनगणना २०७८**

## अजयमेरू गाँउपालिकाका शिक्षा सम्बद्ध निकायहरु

### १ शिक्षा, युवा तथा खेलकुद शाखा

अजयमेरू गाँउपालिकाको समग्र शैक्षिक अवस्था (मूलतः आधारभूत तथा माध्यमिक शिक्षा) र युवा तथा खेलकुदका कार्यक्रमहरु समेतको सञ्चालनका लागि गाँउ कार्यपालिकाको कार्यालयको एउटा महत्त्वपूर्ण शाखाको रुपमा शिक्षा, युवा तथा खेलकुद शाखाको व्यवस्था रहेको छ । वि.सं. २०७२ असोज ३ गते जारी नेपालको संविधानको अनुसूची ८ ले आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी एकल अधिकार स्थानीय तहलाई दिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज. ले आधारभूत र माध्यमिक शिक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी विभिन्न २३ वटा काम कर्तव्य र अधिकारहरु स्थानीय तहको हुने व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार देशैभर ७५३ वटा स्थानीय तहहरु गठन भईसकेका र प्रत्येक स्थानीय तहले स्थानीय सरकारका रुपमा काम गरिरहेका छन् । यसै सन्दर्भमा डडेल्धुरा जिल्लाको अजयमेरू गाँउपालिका समेतले स्थानीय सरकारका रुपमा संविधान प्रदत्त अधिकारको प्रयोग गर्न र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाँउपालिका क्षेत्रभित्रको समग्र शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम, कर्तव्य र अधिकारलाई व्यवस्थित ढंगबाट कार्यान्वयन गर्न यस शाखाको व्यवस्था भएको हो ।

कर्मचारी समायोजनका क्रममा नेपाल सरकारबाट अजयमेरू गाँउपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाका लागि अधिकृत स्तर (आठौँ तहको) को शाखा अधिकृतको नेतृत्त्वमा शाखा अधिकृत (छैठौँ तह) को १ र सहायकस्तर (पाँचौँ तह) को १ गरी जम्मा ३ जना कर्मचारीहरु रहने गरी अन्तरिम संगठन संरचना स्वीकृत भएको छ । कार्यालयको सङ्गठन संरचनाको कार्य सम्पन्न नहुँदासम्म यसैलाई आधिकारिक मान्नुपर्ने देखिन्छ । यो शाखा अजयमेरू गाँउपालिकाको वडा नं ३ भद्रपूरस्थित गाँउकार्यपालिकाको कार्यालय भवनमा रहेको छ ।

**शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारीहरूको विवरणः**

| सि.नं. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | लाल बहादुर सेटी | शिक्षा अधिकृत (छैटौं तह) | शाखा प्रमुख |
| २ | हरी प्र. पन्त | प्राविधिक सहायक (पाचौँ तह) | |

**शिक्षा युवा तथा खेलकुद शाखाका काम, कर्तव्य र अधिकारः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहका काम कर्तव्य र अधिकारका रुपमा तोकिएका देहायका कामहरू गर्ने जिम्मेवारी शिक्षा, युवा तथा खेलकुद शाखाको होः

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइर विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमनतथा नियमन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन,

- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्त्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिबृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृती, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीहरुको तालिम तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन
- युवा सम्बद्ध कार्यहरु
- खेलकुद सम्बद्ध कार्यहरुः
- स्थानीय स्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,
- स्थानीय स्तरका खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय,
- खेलकुदको विकास र प्रवर्द्धन,
- खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
- खेलकुद सम्बन्धी पूर्वाधार विकास

**२. सामुदायिक सिकाइ केन्द्रहरु**

समुदायमा रहेको निरक्षरता उन्मुलन गरी साक्षरतालाई दीगोपन दिनका लागि साविकको अनौपचारिक शिक्षा केन्द्रको संयोजकत्त्वमा स्थापित सामुदायिक अध्ययन केन्द्रहरुलाई हाल सामुदायिक सिकाइ केन्द्रका रुपमा चिनिन्छ । राज्यको पुनर्संरचनापश्चात सामुदायिक सिकाइको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन लगायतका कार्यहरु स्थानीय तहबाट हुनेगरी स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरिएको छ । साथै यस्ता केन्द्रहरुको लागि आवश्यक बजेट तथा कार्यक्रमहरु पनि हाल स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन् । गाउँपालिकामा सामुदायिक

सिकाइ केन्द्रसम्बन्धी कानूनी प्रबन्ध भइ नसकेको सन्दर्भमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रको "सामुदायिक अध्ययन केन्द्र सञ्चालन सञ्चालन एवम् व्यवस्थापन सम्बन्धी  मापदण्ड, २०७८ बमोजिम क्रियाकलापहरु सञ्चालन भइरहेका छन् ।

**अजयमेरू गाउँपालिकाभित्र सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूको विवरणः**

| क्र. सं. | सामुदायिक सिकाइ केन्द्रको नाम | परिचालकको नाम | स्थापना मिति (वि.सं.) |
|---|---|---|---|
| १ | समैजी सामुदायिक अध्ययन केन्द्र, वडा न. १ | कृष्णा ऐर बोहरा | |
| २ | अजयमेरू सामुदायिक अध्ययन केन्द्र, वडा न. २ | मनु कुमारी ऐर | |
| ३ | भद्रपूर सामुदायिक अध्ययन केन्द्र, वडा न. ३ | जानकी कुमारी ऐर (भाट) | |
| ४ | चिपुर सामुदायिक अध्ययन केन्द्र, वडा न. ४ | सावित्री कुमारी मडै (ऐर) | |
| ५ | देवल सामुदायिक अध्ययन केन्द्र, वडा न. ५ | नन्दा फर्सुवाल (पाल) | |

## २. विद्यालयहरु


सांगठनिक रूपमा शिक्षा प्रदान गर्ने आधारभूत र महत्वपूर्ण निकायका रुपमा विद्यालयलाई लिइन्छ । अजयमेरू गाँउपालिकाभित्र प्रारम्भिक बाल शिक्षा कक्षा देखि कक्षा १२ सम्मको शिक्षा दिने गरी विद्यालयहरु स्थापना भइ सञ्चालनमा रहेका छन् । शिक्षा ऐन २०२८ को व्यवस्था अनुसार नियमित रुपमा सरकारी अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालयहरु सामुदायिक विद्यालयहरु हुन् भने नियमित रुपमा सरकारी अनुदान प्राप्त नगर्ने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालयहरु संस्थागत विद्यालयहरु हुन् । अमरगढी नगरपालिकामा यी दुवै किसिमका विद्यालयहरु सञ्चालनमा छन् । तहका हिसाबले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा विभक्त गरिएको छ ।
**अजयमेरू गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुको सङ्ख्यात्मक विवरण (वडागत रुपमा):**

| वडा नं. | शै.स. २०७८ सम्ममा सञ्चालित विद्यालयहरु | | | समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा केन्द्र |
|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | |
| १ | ६ | | ६ | २ |
| २ | ५ | १ | ५ | ३ |
| ३ | ४ | | ४ | |
| ४ | ५ | १ | ६ | २ |
| ५ | ३ | | ३ | |
| ६ | ७ | | ७ | |
| **जम्माः** | **३०** | **२** | **३२** | |

**अजयमेरू गाउँपालिका अन्तर्गत सञ्चालित वडागत/तहगत विद्यालयहरुको विवरण**

| वार्ड नं | प्राथमिक विद्यालय (कक्षा ०-३ र ०-५) | आधारभूत विद्यालय (कक्षा ०-८) | माध्यमिक विद्यालय (कक्षा ०-१०।१२) | सामुदायिक बावि | संस्थागत विद्यालय |
|---|---|---|---|---|---|
| १ | ३ | १ | २ | २ | |
| २ | २ | २ | १ | ३ | १ |
| ३ | २ | १ | १ | | |
| ४ | १ | २ | २ | २ | १ |
| ५ | २ | | १ | | |
| ६ | ३ | २ | २ | | |
| जम्मा | १३ | ८ | ९ | ७ | २ |

**वडागत रूपमा विद्यालयहरूको तुलनात्मक चार्ट**



## अजयमेरू गाँउपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | वडा न. | विद्यालय कोड | प्र.अ. | सम्पर्क न. |
|---|---|---|---|---|---|
| १ | नवदूर्गा आ.वि. | अजयमेरु २, बसाना | 730010001 | भवानी सिंह खाती | ९८४८७२८८९६ |
| २ | बेताल प्रा.वि. | अजयमेरु २, सुगरखाल | 730010002 | मोहन सिंह ऐर | ९८४८७३१५२९ |
| ३ | सहश्रलिङ्ग मा.वि. | अजयमेरु २, चमडा | 730010003 | रन बहादुर ऐर | ९८४८७६९७१८ |
| ४ | समैजी प्रा.वि. | अजयमेरु २, हाट | 730010004 | मन्दिरा विष्ट | ९८६८५५४९६० |
| ५ | अजयमेरु आ.वि. | अजयमेरु २, रोल्ली | 730010005 | गणेश दत्त भट्ट | ९८४८७३१३०५ |
| ६ | भद्रपुर मा.वि. | अजयमेरु ३, भद्रपुर | 730070001 | हेम राज पाण्डेय | ९८६२४७८८३९ |
| ७ | सिद्धनाथ प्रा.वि. | अजयमेरु ३, मगराउ | 730070002 | केशब राज भट्ट | ९८४८५४४५०७ |
| ८ | दुर्गास्थान आ.वि. | अजयमेरु ३, गुनपाल | 730070003 | तीर्थराज पनेरु | ९८४८७४३९८७ |
| ९ | जयन्ती प्रा.वि. | अजयमेरु ३, नौलाकोट | 730070004 | रमेश प्रसाद पनेरू | ९८२४६०००८९ |
| १० | चन्द्रज्योती आ.वि. | अजयमेरु ४, धारीहुरा | 730090001 | बीर बहादुर ऐडी | ९८४८८०१०११ |
| ११ | मणिलेक मा.वि. | अजयमेरु ४, चिपुर | 730090002 | राजेन्द्र प्रसाद चटौत | ९८४८७६६६३५ |
| १२ | भरतपुर मा.वि. | अजयमेरु ४, भुल्कूडा | 730090003 | तेज बहादुर चन्द | ९८६५७९४०४० |
| १३ | भागेश्वर प्रा.वि. | अजयमेरु ४, देहिरोडा | 730090004 | गंगा बडू | ९८६८४२२२५९ |
| १४ | भुवनेश्वरी आ.वि. | अजयमेरु ४, मडचिपुर | 730090005 | दान सिंह विष्ट | ९८४८७३३४४१ |
| १५ | कैलपाल प्रा.वि. | अजयमेरु १, सिलंगी | 730200001 | राम बहादुर बोहरा | ९८४८७६६६८९ |
| १६ | बेताल प्रा.वि. | अजयमेरु १, मुद्राड | 730200002 | हरि सिंह बोहरा | ९८६८७२५२०३ |
| १७ | शिवशंकर प्रा.वि. | अजयमेरु १, बजकोट | 730200003 | विष्णुराज भट्ट | ९८४८७४३२७० |
| १८ | बालकल्याण मा.वि. | अजयमेरु १, पुईलेक | 730200005 | जगदिश सिंह भण्डारी | ९८४८८५१९६६ |
| १९ | सरस्वती आ.वि. | अजयमेरु १, पालीबकायल | 730200006 | डिल्ली राज भट्ट | ९८४८७१०४३४ |
| २० | घनघस्या मा.वि. | अजयमेरु १, खतेडा | 730200007 | शंकरदत्त भट्ट | ९८४८८४७४२१ |
| २१ | चेतना मा.वि. | अजयमेरु ६, राजूल | 730100001 | ओम प्रकाश पन्त | ९८४८७८४६५५ |
| २२ | केदारशिशुसूधारक मा.वि. | अजयमेरु ५, मटेला | 730100002 | नारायण दत्त पन्त | ९८४८८५५२९० |
| २३ | डागेश्वर नि.मा.वि. | अजयमेरु ६, कानाकोट | 730100003 | गोपाल दत्त अबस्थी | ९८४८७०२५७० |
| २४ | कल्याणी प्रा.वि. | अजयमेरु ५, लेटम | 730100004 | कृष्ण बहादुर पाल | ९८४८७६५८९२ |
| २५ | गोजलिंग प्रा.वि. | अजयमेरु ५, तलपाखा | 730100005 | निर्मला पनेरू | ९८६३०९८१३७ |
| २६ | देवल उ.मा.वि. | अजयमेरु ६, देवल | 730100006 | डम्बर बहादुर पाल | ९८४८७४०८५८ |
| २७ | गंगेश्वर नि.मा.वि. | अजयमेरु ६, भण्डारीगाउ | 730100007 | हरी सिंह ऐडी | ९८४८८७२५४६ |
| २८ | पृथ्वी प्रा. वि. | अजयमेरु ६, भण्डारीगाउ | 730100008 | सरिता शाही | ९८६८७१०२०३ |
| २९ | भुमिराज प्रा.वि. | अजयमेरु ६, पिपलचौतारा | 730100009 | डम्बर राज पनेरू | ९८४८८७०००७ |
| ३० | जगदम्बा प्रा वि | अजेयमेरु ६ कपडा | 730100010 | महेष दमाई | ९८४२२०४५०६ |

## अजयमेरू गाउँपालिका अन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरू

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | विद्यालय कोड | प्र.अ | सम्पर्क न. |
|---|---|---|---|---|---|
| १ | कृती इजुकेसनल एकेडमी | अजयमेरु २ | 730010007 | | |
| २ | राष्टगौरव एकेडिमी | अजयमेरु ४ | 730090006 | | |

**अजयमेरू गाँउपालिकामा प्राविधिक धार सञ्चालित विद्यालय**

| विद्यालयको नाम | प्राविधिक धार | सञ्चालित तह | अनुमति/सम्बन्धन दिने निकाय | अनुमति |
|---|---|---|---|---|
| श्री बालकल्याण माध्यमिक विद्यालय, पुइलेक | बालीविज्ञान | माध्यमिक (९-१२) | शिक्षा तथा मानव स्रोत विकास केन्द्र (साविक शिक्षा विभाग) | २०६९ |

**प्रारम्भिक बाल शिक्षा कक्षा/केन्द्रहरु**


शिक्षा ऐनको आठौँ संशोधनले "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षाका रुपमा परिभाषित गरेकाले यो शिक्षा विद्यालय शिक्षाभित्रै परेको देखिन्छ । अजयमेरु गाँउपालिकामा प्रारम्भिक बाल शिक्षा केन्द्रहरू दुइ तबरले सञ्चालित छन्र । १. विद्यालयमा आधारित प्रारम्भिक बाल शिक्षा कक्षाहरु र २. समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा कक्षाहरु । गत वर्षसम्म समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा केन्द्रको सङ्ख्या ११ रहेकोमा अजयमेरू गाँउ कार्यपालिकाको निर्णयबाट ४ वटा त्यस्ता केन्द्रहरु विद्यालयमा गाभी समायोजन गरिएको छ । ३० वटा विद्यालयमा आधारित र ७ वटा समुदायमा आधारित बालविकास केन्द्रहरूमा ४२ जना सहयोगी कार्यकर्ताहरु कार्यरत छन् ।

**समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा कक्षा/केन्द्रको विवरण**

| क्र.सं. | प्रारम्भिक बाल शिक्षा/केन्द्र/पूर्व प्रा.वि. | ठेगाना | मातृ विद्यालय |
|---|---|---|---|
| १ | भागेश्वर बालविकास केन्द्र | वडा न. २ | श्री अजयमेरू आ.वि रोल्ली |
| २ | सरस्वती बालविकास केन्द्र | वडा न. २ | श्री अजयमेरू आ.वि रोल्ली |
| ३ | भृकुटी बालविकास केन्द्र | वडा न. २ | श्री सहस्रलिंग मा. वि चमडा |
| ४ | जगन्नाथ बालविकास केन्द्र | वडा न. ४ | श्री भरतपुर मा. वि भुल्कुडा |
| ५ | शिवशक्ति बालविकास केन्द्र | वडा न. १ | श्री घनघस्या मा. वि खतेडा |
| ६ | नवज्योती बालविकास केन्द्र | वडा न. १ | श्री बालकल्याण मा. वि पुइलेक |
| ७ | उदयदेब बालविकास केन्द्र | वडा न. ४ | श्री चन्द्रज्योती आ. वि हारीधुरा |


**शैक्षिक सत्र २०७८ मा बालविकासमा भर्ना भएका बालबालिका सम्बन्धी विवरण**

| बालविकास कक्षा | जम्मा | | | दलित/जनजाती | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| **विद्यालयमा आधारित** | २६५ | २३० | ४९५ | ८७ | ६० | १४७ |
| **समुदायमा आधारित** | ११ | १६ | २७ | १० | ८ | १८ |




**शैक्षिक सत्र २०७८ को कक्षा १-१२ सम्मको विद्यार्थी भर्ना विवरण**

| क्र.स. | तह | जम्मा | | | दलित/जनजाती | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा १-५ | ८३० | ८३५ | १६६५ | २७१ | २५४ | ५२५ |
| २ | कक्षा ६-८ | ६३२ | ५८४ | १२१६ | १५९ | १३३ | २९२ |
| ३ | कक्षा ९-१० | ३६४ | ३०९ | ६७३ | ७० | ५७ | १२७ |
| ४ | कक्षा ११-१२ | १५९ | १३६ | २९५ | २८ | २५ | ५३ |
| जम्मा | | १९८५ | १८६४ | ३८४९ | ५२८ | ४६९ | ९९७ |




**शैक्षिक सत्र २०७८ को कक्षा १-१२ सम्मको दलित, जनजाती र अन्य विद्यार्थी भर्ना विवरण**


| दलित/जनजाती | | अन्य | |
|---|---|---|---|
| छात्रा | छात्र | छात्रा | छात्र |
| ५२८ | ४६३ | १४५७ | १३९५ |



**तहगत रूपमा कार्यरत शिक्षक दरबन्दी विवरण**

| क्र.स. | तह | दरबन्दी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्विकृत | राहत | स्वयंसेबक | निजी | अनुदान | जम्मा |
| १ | कार्यालय सहयोगी | ३२ | | | ९ | | |
| २ | कार्यालय सहायक | ९ | | | | | |
| ३ | बालविकास | ४२ | | | | | |
| ४ | आधारभूत(१–५) | ८२ | २६ | १० | | | ११८ |
| ५ | आधारभूत(६–८) | ३१ | ११ | १४ | | ३ | ५९ |
| ६ | माध्यमिक(९–१२) | १७ | ३३ | ४ | | २ | ५६ |

श्रोतः शिक्षा विकास तथा समन्वय इकाइ/अजयमेरु गाउपालिकाको अभिलेख




| | बाल विकास | प्राथमिक (कक्षा १-५) | आधारभूत (कक्षा ६-८) | माध्यमिक (कक्षा ९-१२) |
|---|---|---|---|---|
| विद्यालयमा विद्यार्थी शिक्षक अनुपात | १३:१ | १४:१ | २२:१ | १७:१ |
